Jyotipunja
Saving & Credit Co-operative Ltd.

समृद्धिका लागि
सहयात्रा...

# १३ औं वार्षिक प्रतिवेदन २०७९/०८०

ANNUAL REPORT 2079/080

## सल्लाहकार



**डा. नीरज नारायण जोशी**
प्रमुख सल्लाहकार



**रमेश कुमार रोका (बरिष्ठ अधिवक्ता)**
कानुनी सल्लाहकार

## सञ्चालक समिति



**नविन श्रेष्ठ**
अध्यक्ष



**रामेश्वर थापा**
उपाध्यक्ष



**संगीत प्रधान**
सचिव



**सावित्रा कार्की**
कोषाध्यक्ष



**गौरी कुमार खत्री**
सदस्य



**प्रकाश श्रेष्ठ**
सदस्य



**बबिता अमात्य**
सदस्य

## लेखा सुपरिवेक्षण समिति



**निशिमा आचार्य**
संयोजक



**एलिना कार्की थापा**
सदस्य



**गीता राउत**
सदस्य

## व्यवस्थापन



**नवराज कार्की**
प्रमुख कार्यकारी अधिकृत

# ज्योतिपुञ्ज चिनारी गीत

*भविष्यको भरोसा वर्तमानको आधार ।*
*ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।।*

*जम्मा गरे जम्मा हुन्छ खाँचो पर्दा टार्छ ।*
*उद्योग व्यावसाय गर्न यसले मद्दत गर्छ ।।*

*बुढेसकालको लौरी जस्तो एक्लोपनको साथी ।*
*अनाथको अभिभावक ज्योतिपुञ्जको बाती ।।*

*थोपा थोपा जम्मा गरी घैलो भरे जस्तै ।*
*भोलि खान आजैबाट वीउ छरे जस्तै ।।*

*जसले सोच्छ भविष्यमा सुरक्षा र सुख ।*
*साथ दिन्छ ज्योतिपुञ्ज बन्दै अभिमुख ।।*

*भविष्यको भरोसा वर्तमानको आधार ।*
*ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।।*

*सबैको सपना साकार ।।*

***– प्रकट पगेनी 'शिव'***



## ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सदस्य महानुभावहरुमा

# १३औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि., नयाँ बानेश्वर, काठमाडौंको मिति २०८०/०४/२५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले संस्थाको १३औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि देहायका उल्लेखित एकाइहरुमा तोकिए बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले सोही अनुसार उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरुलाई अनुरोछ छ।

**साधारण सभाका कार्यसूचीहरु**

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा,
६. आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा,
७. साधारण सभाको एकाइ बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि तथा साधारण सभा (केन्द्र)को निर्णय प्रमाणित गर्न पठाउनु पर्ने एकाइ प्रतिनिधिहरुको चयन गर्ने सम्बन्धमा,
८. आ.व. २०७९/०८० मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने,
९. विनियम संशोधन सम्बन्धमा,
१०. आन्तरिक नीति तथा कार्यविधि सम्बन्धमा
११. विविध।

**कार्यक्रमः**

| बैठक मिति | एकाइ | एकाइको क्षेत्र (सेवा केन्द्र) | बैठक समय | बैठक स्थान |
|---|---|---|---|---|
| २०८०/०५/२३ | १ | कुमारीपाटी सेवा केन्द्र | बिहान ८:१५ बजे | क्रिष्टल व्यांकेट, मानभवन, ललितपुर |
| २०८०/०५/३० | २ | गोठाटार सेवा केन्द्र | बिहान ८:१५ बजे | शुभश्री व्यांकेट, काँडाघारी, काठमाडौं |
| २०८०/०६/०३ | ३ | लुभू सेवा केन्द्र | बिहान ८:१५ बजे | लुभू पार्टी प्यालेस, लुभू, ललितपुर |
| २०८०/०६/०६ | ४ | मुख्य कार्यालय नयाँ बानेश्वर | बिहान ८:१५ बजे | थापागाँउ व्यांकेट, नयाँ बानेश्वर, काठमाडौं |

साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभाः
२०८० असोज ११ गते, बिहिबार बिहान ११:०० बजे, संस्थाको मुख्य कार्यालय, नयाँ बानेश्वर, काठमाडौं

सञ्चालक समितिको आज्ञाले
सचिव

नोटः संस्थाको १३औं वार्षिक प्रतिवेदन **www.jyotipunja.coop.np** बाट पनि प्राप्त गर्न सकिने छ।

## संक्षिप्त पृष्ठभूमिः

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड २०६८ बैशाख २९ गते तत्कालिन डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता भई २०६८ भाद्र ०४ गतेबाट विधिवत रूपमा कारोबार शुभारम्भ गरी सञ्चालनमा आएको हो ।

### परिकल्पना
### VISION

सदस्यहरूको पहिलो रोजाईको सबल, गतिशील र विश्वसनीय साकोस ।

### ध्येय
### MISSION

सेवामा उत्कृष्टता, नवीनतम प्रविधि र विशिष्ट पहिचान सहित सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक समृद्धिको सहयात्री बन्ने ।

### मुल्य मान्यता
### CORE VALUES

- सामुहिक कार्य
- जवाफदेहिता
- उत्तरदायित्व
- एक्यबद्धता
- गोपनियता
- दिगोपना
- ईमान्दारी
- सम्मानको संस्कृति
- समयको पालना
- पारदर्शिता
- शून्य सहनशीलता
- समावशी सहभागता
- प्रतिवद्धता र नियमितता

## कार्यक्षेत्र

संस्थाको कार्यक्षेत्र काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला भरी रहेको छ ।

## आवद्धता

६

1. स्थिरीकरण कोष (साकोसको सुरक्षा कवच)
2. राष्ट्रिय सहकारी बैंक लि.
3. नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून)
4. जिल्ला सहकारी संघ लि., काठमाडौं
5. काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
6. ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## सदस्य सहभागिता

आ.व. ०७८।७९ को अन्तसम्ममा संस्थाको
सदस्य संख्या **३,८१२** (महिला १८२२, पुरूष १९९०)
र बाल बचतकर्ता **५१४** गरी
जम्मा **४,३२६** जनाको सहभागिता रहेको छ।



## संस्था नेतृत्व

| | |
|---|---|
| सञ्चालक समिति | ७ जना |
| लेखा सुपरिवेक्षण समिति | ३ जना |
| सल्लाहकार | २ जना |
| **उपसमितिहरू** | |
| शिक्षा उपसमित | ३ जना |
| ऋण उपसमिति | ३ जना |
| प्रोवेशन कार्यदल | ३ जना |
| पदपूर्ति उपसमिति | ३ जना |





## नीति तथा कार्यविधि

- सदस्य सेवा नीति
- शेयर नीति
- आर्थिक नीति
- संगठन तथा सामान्य नीति
- बचत नीति
- ऋण नीति
- मानव संसाधन नीति
- स्थिर सम्पत्ति व्यवस्थापन नीति
- गल्ती व्यवस्थापन नीति
- कागज धुल्याई नीति
- जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन नीति
- बैठक सञ्चालन नीति
- निर्वाचन निर्देशिका
- भौचर जाँच तथा प्रमाणित कार्यविधि
- संरक्षित पूँजी फिर्ता कोष कार्यविधि
- बैठक सञ्चालन कार्यविधि
- मोवाईल वित्त सेवा सञ्चालन कार्यविधि
- नगद परिचालन तथा व्यवस्थापन कार्यविधि
- कर्मचारी विदा स्वीकृत गर्ने कार्यविधि
- बचत खाता सञ्चालन कार्यविधि
- शेयर सदस्यता कार्यविधि
- अनिवार्य भ्रमण विदा कार्यविधि
- प्रोत्सान निर्देशिका

## बचत सेवा

१ नियमित बचत
२ बाल भविष्य बचत
३ नारी उन्नति बचत
४ अग्रज सम्मान बचत
५ सरल बचत
६ उद्यमी बचत
७ मेगा प्लस बचत
८ खुत्रुके बचत
९ पेन्सन बचत
१० आवधिक बचत



## ऋण सेवा



१ उद्यमी ऋण
२ कृषि कर्जा ऋण
३ शैक्षिक कर्जा ऋण
४ आवास कर्जा ऋण
५ बैदेशिक रोजगार ऋण
६ हायर पर्चेज ऋण
७ नियमित बचत ऋण
८ आवधिक बचत ऋण
९ बचत जमानी ऋण

# सदस्य हित योजना



सदस्यहरूको दुःखमा सानो राहत सहयोग र खुसीको क्षणमा पुरस्कार तथा सम्मान गर्ने उद्देश्यले संस्थाले विगतका वर्षहरूदेखि सदस्य हित योजना  अन्तर्गत तपसिलका कार्यक्रमहरू सञ्चालन गर्दैआएको छ।

› **श्रद्धाञ्जली सहितको राहतः** संस्थाका सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई सदस्यको मृत्यु भएको मितिले १३ दिन भित्र श्रद्धाञ्जली सहित राहत रू. १५,००० प्रदान गरिने,

› **प्रसुति सदस्य कोसेलीः** महिला सदस्यलाई प्रसुती कोसेली स्वरूप रू. २,००० उपलब्ध गरिने,

› **शिशु बचत आरम्भः** सदस्यको नवजात शिशुलाई बाल बचत खाता खोली संस्थाको तर्फबाट खुत्रुके सहित रू. १,००० का दरले बचत आरम्भ गरिदिने,

› **बाल बालिका जन्मोत्सव शुभकामनाः** संस्थाका बाल बचतकर्तालाई जन्मदिनको अवसरमा शुभकामना सहित रकम रू. ५०० बाल बचतकर्ताको खातामा जम्मा गरिदिने,

› **एस.ई.ई. उर्तीण सम्मानः** एस.ई.ई. परिक्षामा सफल हुने सदस्य/बाल बचतकर्तालाई रू. ३,००० नगद पुरस्कारसहित सम्मान प्रदान गरिने।

## स्मार्ट बैंकिङ्ग

ज्योतिपुञ्ज स्मार्ट एप्स



## विप्रेषण सेवा

● आईएमई ● प्रभु ● वेस्टर्न युनियन ● मनि ग्राम

IME money transfer · Prabhu Money Transfer · Western Union Money Transfer · MoneyGram money transfer

# विषय सूचि


| | |
|---|---|
| अध्यक्षको मन्तव्य | ९ |
| सञ्चालक समितिको प्रतिवेदन | ११ |
| पर्ल्स अनुपात | २१ |
| लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | २४ |
| स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | २९ |
| वासलात | ३३ |
| नाफा नोक्सान हिसाब | ३४ |
| नगद प्रवाह विवरण | ३५ |
| अनुसूची १ देखि १५ सम्म | ३६-४४ |
| प्रमुख लेखा नीति र लेखा सम्बन्धि टिप्पणीहरु | ४५ |
| लेखा सम्बन्धि टिप्पणीहरु | ४६ |
| टिपोट | ४८ |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.को तेह्रौं वार्षिक साधारण सभामा अध्यक्ष श्री नविन श्रेष्ठद्वारा प्रस्तुत मन्तव्य

श्रद्धेय प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथिज्यूहरू, प्रमुख सल्लाहकारज्यू, सल्लाहकारज्यू, पत्रकारज्यूहरू, उपस्थित सदस्य महानुभावहरू तथा शुभेच्छुकज्यूहरू, सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सहकर्मी साथीहरू, बिभिन्न उपसमितिका सदस्यज्यूहरू, कर्मचारी व्यवस्थापन लगायत सबैमा यस गरिमामय साधारण सभाको पावन अवसरमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु । हाम्रो १२औं वर्षसम्मको यात्राका दौरान आइपरेका आरोह अवरोहमा निरन्तर साथ, समर्थन र हौसला प्रदान गर्ने सदस्यज्यूहरु, सरोकारवाला निकाय, नियामक निकाय लगायत सबैमा आजको यो विशेष दिनमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सहकारीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुल्य, मान्यता र सिद्धान्तअनुरुप संस्थाले सदस्यहरुको सामाजिक, आर्थिक, साँस्कृतिक र पर्यावरणीय विकासलाई प्राथमिकताको अग्रभागमा राखेर नीति, कार्यक्रम र उत्पादन सेवाहरु विकास गर्दै आएको कारण हाम्रो संस्था सवल र सफल सहकारीहरूमध्ये एक उदाहरणीय संस्थाको रुपमा स्थापित गर्दै गरेको यहाँहरु सबैलाई अवगत नै छ ।

यसै बिच विश्व अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रमा देखिएका केहि चुनौतीहरूले पछिल्ला वर्षहरूमा मुलुक भित्र रहेका समग्र क्षेत्र नै नराम्रोसँग प्रभावित भयो । केही सहकारीहरूको खराब सुशासनका कारण उत्पन्न परिवेश, राजनैतिक अस्थिरता, व्यापार व्यवसायमा सुस्तता जस्ता सृजित परिस्थितिबाट सहकारीका सदस्यहरूको पनि मनोभाव र निर्णयमा उल्लेख्य वदलाव देखियो । यी र यस्तै कारणले पछिल्ला वर्षहरू हामी सबैका लागि सुखद् नहुँदा नहुँदै पनि सदस्य महानुभावहरूको निरन्तरको साथ सहयोग, अटुट भरोसा अनि सक्षम नेतृत्व र दक्ष व्यवस्थापनको फलस्वरूप हाम्रो संस्था सँधै सुरक्षित रहेको कुरालाई प्रमाणित गरिदिएको छ ।

संस्थाको वित्तीय स्वस्थता र गुणस्तरीयता कायम राख्दै सदैव अग्रगतिको अपेक्षा हामी सबैले गर्नु स्वभाविकै भएता पनि गत आ.व.को हाम्रा केही आर्थिक परिसूचकहरू अघिल्लो आ.व.को तुलनामा केही मात्रामा घटेका छन् । सिङ्गो सहकारी क्षेत्रलाई मुल्याङ्कन गरियो भने यो नतिजामा हामीलाई सन्तोष लाग्न सक्छ तर हामीले आँफैसँग तुलना गर्दा खास गरी बचत, लगानी र कुल सम्पत्तितर्फ अघिल्लो वर्षको भन्दा हामी केहि पछि परेका छौं जसले गर्दा तत्कालमा सदस्यको लगानीमा हुने प्रतिफलमा केहि कमी देखिएता पनि संस्थाको वित्तीय अवस्था सवल रहेको हुँदा आगामी दिनमा हामीलाई यी सूचकाङ्कहरूमा सुधार गर्न र गुणात्मक हिसाबले गति लिन सहज हुने विश्वास यहाँहरू माझ दिलाउन चाहन्छु ।

गत आ.व.मा तमाम चुनौतीहरूका वावजुद जे जस्ता उपलब्धिहरू भए त्यसबाट हामी आशावादी नै रहेका छौं । संस्थाका सदस्य महानुभावहरू, सञ्चालक समिति, लेखा समिति तथा उप–समितिहरू, व्यवस्थापन वर्गको अथक मेहनत र

साथसहयोगको फलस्वरूप प्राप्त भएका यी उपलब्धीहरूका लागि सबैलाई ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.को तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक आभार तथा विशेष धन्यवाद व्यक्त गर्दछु ।

मुलकभित्र चरम आर्थिक मन्दिको कारण उत्पन्न परिस्थितिले हामीबीचको सहकार्यको महत्व तथा सहकारीको अपरिहार्यतालाई थप पुष्टि गरेको छ भने आपसी सहकार्य र सहयोगको हाम्रो संस्कृतिले हामी जस्तो सुकै चुनौतीहरुको सामना गर्दै संस्थाको दिगो विकास तथा सदस्यहरुको हितमा कार्य गर्न सक्षम छौ भन्ने विश्वास दिलाएको छ । आगामी दिनमा पनि गुणस्तरीय सेवा र सदस्य सन्तुष्टिलाई केन्द्रविन्दुमा राखी प्रभावकारी र सदस्यमैत्री सेवाका लागि हामी सबै सङ्गठित र सशक्त रूपमा लागिरहेको व्यहोरा अवगत गराउँदै सदा झै आगामी दिनहरूमा पनि सबैबाट यसरी नै निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

आउदै गरेको २०८० सालको दशै, तिहार, नेपाल संबत ११४४, छठ लगायतका नेपालीहरुको महान चाडपर्बहरुको उपलक्ष्यमा यहाँहरुको सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै तेह्रौं बार्षिक साधारण सभाको पूर्ण सफलताको कामना सहित सवैमा हार्दिक धन्यवाद तथा शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद ! जय ज्योतिपुञ्ज ! जय सहकारी !



**नविन श्रेष्ठ**
अध्यक्ष
मितिः २३ भाद्र, २०८०

# तेह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत नवराज कार्कीद्वारा प्रस्तुत संस्थाको वार्षिक प्रतिवेदन

**आदरणीय सदस्य महानुभावहरू !**

विभिन्न चुनौतीका कारण आ.व. ०७९/०८० हरेक क्षेत्रका लागि असहज रह्यो नै, सहकारी क्षेत्रका लागि झनै कठिनाईपूर्ण रहेको हामी सबैले अनुभूत गरेकै कुरा हो । यस्तो अवस्थामा संस्थाले आफ्ना गतिविधिहरू सदस्यहरूको तत्कालिन आवश्यकतालाई ध्यानमा राखी सञ्चालन गर्नु पर्ने हुन्छ । यसर्थ समिक्षा वर्षभरि संस्थाले सदस्यहरूको आवश्यकतालाई ध्यानमा राखी तरलताको व्यवस्थापन उच्च मात्रामा गर्नु परेकोले ऋण लगानी अंक घट्न पुग्यो । त्यसैगरी बचतमा समायनुकुल प्रतिस्पर्धी ब्याजदर प्रदान गर्नु परेकोले ब्याज खर्च अनपेक्षित रूपमा वृद्धि हुन पुग्यो । फलस्वरूप यस आर्थिक वर्षमा संस्थाको कुल कारोबार र आम्दानीमा कमी हुन गएको हो । यद्यपि यस्तो प्रतिकुल अवस्थामा पनि सदस्य महानुभावहरूको यथोचित साथ सहयोग र संस्था नेतृत्व तथा व्यवस्थापनको सुझबुझपूर्ण निर्णयका कारण संस्थाको वित्तीय स्वस्थता झनै बलियो हुँदै गएको छ । यसले सदस्यहरूमा संस्थाप्रतिको भरोसा अझ बलियो बनाएको छ । यस किसिमको निरन्तरको साथ, समर्थन र सहयोगका लागि सदस्यज्यूहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

सदस्य महानुभावहरू, अब म संस्थाको १३औं वार्षिक साधारण सभा समक्ष आ.व. ०७९/८० को प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आ.व. ०७९/८० प्रगति समिक्षा

### सदस्यता

आ.व. ०७९/८० को अन्त्य सम्ममा ३,८१२ जना शेयर सदस्य र ५१४ जना बाल बचतकर्ता रहेका छन् । कुल ३,८१२ जना शेयर सदस्य मध्ये महिला सदस्य १,८२२ जना र पुरूष सदस्य १,९९० जनाको आवद्धता रहेको छ ।

### शेयर पूँजी

आ.व. ०७९/८० को अन्त्य सम्ममा सदस्य महानुभावहरूबाट शेयर पूँजीमा रू.८,८५,२०,६००/– को योगदान रहेको छ ।

### बचत/निक्षेप

संस्थाले सञ्चालनमा ल्याएका विभिन्न शिर्षकका बचत सेवा अन्तर्गत आ.व. ०७९/८० को अन्त्य सम्ममा सदस्य महानुभावहरूको कुल बचत रू.८६,०८,७८,१९०/– रहेको छ ।

## ऋण लगानी

संस्थाले सञ्चालनमा ल्याएका विभिन्न प्रकारका ऋण सेवा अन्तर्गत आ.व. ०७९/८० को अन्त्य सम्ममा सदस्य महानुभावहरूलाई कुल रू.१,०२,२९,८५,२१२/१० ऋण परिचालन भएको छ।

## तरलता

सदस्यहरूलाई भनेकै समयमा बचत फिर्ता गर्न र ऋण लगानी गर्ने क्षमतालाई निरन्तरता दिन संस्थाले प्रयाप्त मात्रामा तरलता व्यवस्थापन गर्ने गरेको छ। आ.व. ०७९/८० मा संस्थाको तरलता रू.२१,०८,७०,२९७/१६ वा कुल बचतको २४.५०% रहेको छ।

## कुल सम्पत्ति

आर्थिक वर्ष २०७९/०८० को अन्त्य सम्ममा संस्थाको कुल सम्पत्ति रु. १,३४,५५,९७,०६२/६३ रहेको छ।

## कुल आम्दानी

आर्थिक वर्ष २०७९/०८० मा संस्थामा ब्याज आम्दानी तथा अन्य आम्दानी शिर्षकबाट कुल आम्दानी रु.२३,११,२१,६२९/५० भएको छ।

## कुल खर्च

आर्थिक वर्ष २०७९/०८० मा संस्थामा ब्याज खर्च, कर्मचारी खर्च, प्रशासनिक खर्च, कर्जा नोक्सानी व्यवस्था, ह्रास कट्टी खर्च र बाह्य ऋणमा ब्याज खर्च शिर्षक बाट कुल खर्च रु.२१,३०,५३,७५०/८० भएको छ।

## मुनाफा

समिक्षा अवधिमा बिभिन्न शिर्षकहरुबाट प्राप्त भएको आम्दानीबाट बिभिन्न शिर्षकहरुमा भएको खर्च घटाई संस्थाको मुनाफा रु.१,८०,६७,८७८/७० भएको छ।

## कुल संस्थागत पूँजी

सहकारी संस्थाको मेरूदण्ड भनेको संस्थाको संस्थागत पूँजी हो। आ.व. ०७९/८० मा संस्थाको कुल संस्थागत पूँजी (जगेडा कोष, घाटापूर्ति कोष र ऋण जोखिम व्यवस्थापन कोष) रू.११,७०,७५,३३५/५१ पुगेको छ।

## कर्मचारी व्यवस्थापन

संस्थाको दैनिक कार्य सञ्चालनको लागि विभिन्न तह र कार्यालयमा जम्मा २९ जना कर्मचारीहरू नियमित सेवामा कार्यरत रहनुभएको छ भने सुरक्षा कम्पनी मार्फत सुरक्षा गार्डको रूपमा ५ जना कार्यरत रहनुभएको छ। कर्मचारीहरूका लागि संस्थाद्वारा जारी गरिएको आचारसंहिताको पूर्ण पालना गर्दै सदस्य सेवा व्यवस्थापन प्रकृयालाई नवीनतम प्रविध, ज्ञान, सीप र क्षमताको समेत अनुसरण गरी सदस्य सेवा नीति, २०८० को अधिनमा रही सेवा प्रदान गर्न व्यवस्थापन पक्ष जिम्मेवार रहेको छ।

- प्रत्येक कर्मचारीहरूलाई कार्यविवरण (Job description) अनुसार लक्ष्य निर्धारण गरी जिम्मेवारी प्रदान गर्ने गरिएको छ भने आवधिक समिक्षा तथा मुल्याङ्कन पनि गर्ने गरिएको छ। यसरी प्राप्त लक्ष्य र उत्कृष्टताको आधारमा कर्मचारीहरूलाई पुरस्कृत गर्ने गरिएको छ।

- विभागीय एवं सेवा केन्द्र प्रमुखहरूले नियमित रूपमा कार्य प्रगतिको प्रतिवेदन प्रस्तुत गर्ने गरिएको छ।
- सञ्चालक समितिले उच्च व्यवस्थापनलाई दिएको वार्षिक लक्ष्य र कार्यविवरण अनुसार सेवा केन्द्रको व्यवसाय, क्षमता र सम्भावित बजारको आधारमा लक्ष्य प्रदान गरी आवधिक रूपमा त्यसको समिक्षा गर्ने गरिएको छ।
- कर्मचारीहरूको कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले कार्यविवरण अनुसार कार्य सम्पादन मुल्याङ्कनको आधारमा सरूवा, वढुवा तथा जिम्मेवारी हेरफेर गर्ने गरिएको छ।

## सुशासन व्यवस्थापन

संस्था नीति, विधि र प्रविधिमार्फत सञ्चालित हुनुपर्छ भन्ने दृढ मान्यताका साथ हरेक क्रियाकलापलाई अझ बढी सुव्यवस्थित, पारदर्शी, प्रतिस्पर्धी एवं व्यवसायिक बनाउनका लागि आवश्यक नीति, निर्देशिका एवं कार्यविधिको तर्जुमा र मौजुदा व्यवस्थामा समायनुकुल परिमार्जन गर्ने कार्य यस वर्ष पनि निरन्तर रह्यो। हाल संस्थामा मुल कानुनको रूपमा रहेको विनियमको अलावा २३ वटा नीति, निर्देशिका तथा कार्यविधिहरू रहेका छन्। सोही अनुसार संस्थाको कार्य सम्पादन हुँदै आएको छ। संस्थाको वित्तीय गुणस्तर मापकको रूपमा लिईने PEARLS विश्लेषणलाई नियमित रूपमा पालना गरिएको छ।

## सदस्य सुरक्षा योगदान

सदस्यहरूको दुःखमा सानो राहत सहयोग र खुसीको क्षणमा पुरस्कार तथा सम्मान गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको सदस्य हित योजना अन्तर्गतका कार्यक्रमहरूमा आ.व. ०७९/८० मा संस्थाले सदस्यहरूलाई तपसिल बमोजिम योगदान गरेको छ।

- **श्रद्धाञ्जली सहितको राहतः** संस्थाका सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई उपलब्ध गराउँदै आएको राहत रू.१५,००० का दरले ४ जना शेयर सदस्यका परिवारलाई यो रकम सदस्यको मृत्यु भएको मितिले १३ दिन भित्र श्रद्धाञ्जली सहित प्रदान गरिएको छ।
- **प्रसुति सदस्य कोसेली र शिशु बचत आरम्भः** संस्थाका महिला सदस्यलाई प्रसुती कोसेली स्वरूप सम्बन्धित सदस्यलाई उपलब्ध गराउँदै आएको रकम रू.२,००० का दरले २६ जना सदस्यलाई यो रकम प्रदान गरिएको छ भने सोही अवसरमा नवजात शिशुलाई बाल बचत खाता खोली संस्थाको तर्फबाट खुत्रुके सहित रू.१,००० का दरले बचत आरम्भ गरिदिएको छ
- **बाल बालिका जन्मोत्सव शुभकामनाः** संस्थाका बाल बचतकर्तालाई जन्मदिनको अवसरमा उपलब्ध गराउँदै आएको शुभकामना सहितको रकम रू.५०० का दरले २६४ जना बाल बचतकर्तालाई खातामा जम्मा गरिएको छ।
- **एस.ई.ई. उर्तीण सम्मानः** एस.ई.ई. परिक्षामा सफल हुने सदस्यका सन्ततिहरूलाई रू.३,००० नगद पुरस्कार सहित २८ जनालाई सम्मान प्रदान गरिएको छ।

## प्रविधि/स्मार्ट सेवा

संस्थाले शुरूदेखि नै प्रविधि–मैत्री वित्तीय सेवामा जोड दिँदै आएको छ। हाल संस्थाको सञ्चालनमा रहेको सफ्टवयेरलाई Web Base मा लगि Cloud Server System बाट २४सै घण्टा सेवा उपलब्ध गराइएको छ भने मोवाइल बैंकिङ्ग लगायतका सेवा तथा सुविधाहरू संस्थाको Jyotipunja Mobile Apps मार्फत प्रदान गर्दै आएको छ।

## शिक्षा तथा तालिम

**कार्यक्रमको नामः सहकारी शिक्षा तथा अन्तरक्रिया**

- मिति २०७९/१०/१४ गते, गोठाटार सेवा केन्द्र, उपस्थिति संख्या १९२ जना
- मिति २०७९/१०/२१ गते, कुमारीपाटी सेवा केन्द्र, उपस्थिति संख्या १२० जना
- मिति २०७९/१०/२८ गते, मुख्य कार्यालय नयाँ बानेश्वर, उपस्थिति संख्या १२६ जना
- मिति २०७९/११/१३ गते, लुभू सेवा केन्द्र, उपस्थिति संख्या १४८ जना

**कार्यक्रमको नामः सदस्य स्वागत तथा अभिमुखीकरण**

- मिति २०७९/१२/२० गते, कुमारीपाटी सेवा केन्द्र, उपस्थिति संख्या २४ जना
- मिति २०७९/१२/२५ गते, लुभू सेवा केन्द्र, उपस्थिति संख्या ३६ जना
- मिति २०८०/०१/०९ गते, गोठाटार सेवा केन्द्र, उपस्थिति संख्या ४२ जना

**सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति**

- मिति २०७९/०७/१८ र १९ गते, सञ्चालकहरूको क्षमता विकास आधारभूत तालिम, सहभागिता संख्या १३ जना

**ब्यवस्थापन**

- मिति २०७९/०५/०३ र ०४ गते, कर्मचारीहरूको क्षमता विकास आधारभूत तालिम, सहभागिता संख्या ३२ जना
- मिति २०७९/०५/०३ र ०४ गते, ऋण सदुपयोगिता अनुगमन तथा मुल्याङ्कन, सहभागिता संख्या २ जना
- मिति २०७९/११/ २४ र २५ गते, साकोस सिइओ वर्कसप, सहभागिता संख्या १ जना
- मिति २०८०/०२/१८ र १९ गते, सहकारीमा बजेटिङ्ग, सहभागिता संख्या १ जना
- मिति २०८०/०२/२४ र २६ गते, पर्ल्स अनुगमन प्रणाली तालिम, सहभागिता संख्या २ जना

## प्रोवेशन कार्यक्रम

प्रोवेशन व्राण्डिङ्ग कार्यक्रम अन्तर्गतका संस्थाहरू बिच सञ्चालित कार्यकुशलता तथा सिकाइ व्यवस्थापन सम्बन्धी ४ वटा कार्यशाला गोष्ठीमा संस्थाको तर्फबाट सहाभागिता रहेको थियो।

# आ.व. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट

सदस्य महानुभावहरू अब म यस सभा समक्ष आ.व. ०८०/८१ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

## संस्थाको वार्षिक नीति

संस्थाको आगामी वर्ष २०८०/०८१ का लागि निम्नानुसार कार्यनीति अवलम्वन गर्ने योजना रहेको छ ।

१. यस वर्षमा सदस्यता स्थायित्व, वृद्धि तथा सदस्यता विस्तारका लागि सदस्य सामीप्यता कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

२. संस्थाको वित्तीय अवस्थालाई विश्लेषण गर्दै शेयर पूँजी रकम जम्मा सम्पत्तिको १० प्रतिशत कायम गर्ने नीति लिने र यस आ.व. २०८०/०८१ मा ६.५ प्रतिशत भन्दा माथि लैजा ने नीति अवलम्वन गरिनेछ ।

३. सदस्यहरूको दुःखमा सानो राहत सहयोग र खुसीको क्षणमा पुरस्कार तथा सम्मान गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको सदस्य हित योजना अन्तर्गतका कार्यक्रमहरूमा केहि परिमार्जन गरी आ.व. २०८०/०८१ मा पनि निरन्तरता दिने नीति लिइनेछ।यस योजना अन्तर्गतका राहत सहयोग, पुरस्कार तथा सम्मान प्राप्त गर्न सम्बन्धित सदस्यले संस्थामा सदस्यता लिई नियमित कारोबार गरेको १(एक) वर्ष पुरा भएको हुनुपर्ने छ । त्यसैगरि बाल सदस्यको हकमा बाल भविष्य वा अन्य कुनै नियमित खाता सञ्चालन गरेको १ (एक) वर्ष पुरा भएको हुनुपर्ने नीति लिइनेछ ।

४. संस्थाले सदस्यहरूको जीवनशैलीमा आधारित हुने लामो अवधिको बचत योजनाहरूलाई सञ्चालनमा ल्याउने नीति लिइनेछ ।

५. सदस्यहरूलाई ऋण लगानी गर्नुपूर्व वित्तीय ज्ञान तथा वित्तीय शिक्षा सहित परामर्श दिँदै वित्तीय अनुशासनका प्रभाव तथा वित्तीय अनुसाशन कायम नहुँदा पर्न सक्ने प्रभावका बारेमा ज्ञान दिलाउने नीति अगाडि सारिने छ ।

६. हालको सहकारी अभियानमा देखा परेको विषम् परिस्थितसँग सामना गर्नका लागि सञ्चालक समितिको प्रत्यक्ष संलग्नतामा बिभिन्न क्षेत्रगत तथा विषयगत उप समितिहरू गठन गर्दै सदस्य र संस्था सामीप्यताका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।

७. संस्थामा सञ्चालन गरिने प्रशासनिक तथा कार्यक्रम खर्चहरूमा मितव्ययिता अपनाउदै संस्थाको खुद सम्पत्ति वृद्धिमा जोड दिइनेछ ।

८. संस्थाको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा कर्मचारीहरूमा थप जवाफदेहिता सहित सदस्यहरूमाझमा प्रस्तुत हुनका लागि नियमित बैठक, छलफल तथा संस्थाको गतिविधिहरूको बारेमा सञ्चार व्यवस्थालाई प्रभावकारी बनाउने र सबै मानव श्रोतको क्षमता विकासका लागि जोड दिइनेछ ।

९. प्रविधि मार्फत हुने सेवा (मोबाइल बैङ्किग सेवा, क्यू आर भुक्तानी प्रणाली आदि) लाई दिर्घकालिन लक्ष्यका रूपमा जोड दिइनेछ ।

## संस्थाको वार्षिक कार्यक्रमहरू

संस्थाले गर्ने विभिन्न व्यवसायिक क्रियाकलापका साथै सदस्य सम्बन्ध विकास तथा विस्तार गर्न सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरू तथा कर्मचारीहरूको क्षमता विकास गर्ने किसिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ। त्यसैगरी समुदायमा हाल सहकारी क्षेत्र प्रतिको नकरात्मक संवाद तथा बुझाइलाई चिर्नका लागि संस्थाका सदस्यहरूको टोल, बस्ती तथा समूहगत रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै संस्थाको गतिविधि तथा सदस्य सामिप्यता कार्यक्रमहरू सञ्चालन गर्नका लागि निम्नानुसारको कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## क) व्यवसायिक कार्यक्रमहरूको विवरण

### १. सदस्यता विस्तार तथा सदस्य सक्रियता कार्यक्रम

हाल रहेका सदस्य संख्यामा सक्रिय सदस्यता विस्तार गर्दै सदस्य संख्या थप गर्ने र हाल भईरहेका सदस्यहरू जो निष्कृय रहेका छन् उनीहरूलाई सक्रिय बनाउदै आ.व. मा ४,३१७ जना पुर्याइने।

### २. सदस्य शेयर पूँजी थप योजना तथा कार्य

हाल संस्थाको शेयर रकम जम्मा सम्पत्तिको तुलनामा कम रहेकोले पर्ल्स बमोजिम १० प्रतिशत भन्दा माथि हुनुपर्ने विषयलाई मध्यनजर गर्दै यस आ.व. मा ६.५० प्रतिशतभन्दा बढि बनाएर लैजाने र आगामी वर्षहरूमा दिर्घकालिन योजना बनाई औषत कायम गर्ने आधार तय गर्ने।

### ३. बचत विस्तार कार्यक्रम

संस्थाको व्यवसायिक गतिविधिको मुख्य विषय अर्थात श्रोत बचत रकमलाई स्थायित्व कायम गर्नका लागि सदस्यता सक्रियता कार्यक्रम तथा राहतका कार्यक्रमहरू समेत सञ्चालनमा ल्याएर लामो समयको बचतमा जोड दिने।

### ४. तरलता व्यवस्थापन

हाल सहकारीको व्यवसायिक कार्यको अभियानमा नै अस्वस्थता सृजना भएको र सदस्यहरूको अपेक्षा बमोजिम बचत व्यवस्थापन नगरेका संस्थाहरूका कारण सहकारी प्रतिको नकरात्मक धारणा भईरहेको अवस्थालाई मध्यनजर गर्दै संस्थाले कम्तिमा १७ प्रतिशत सम्म तरलता कायम गरी सदस्यहरूको विश्वसनियता कायममा जोड दिने।

### ५. ऋण लगानी

गुणस्तरीय लगानीमा ध्यान दिने र उपलब्ध श्रोतहरूको अधिकतम् परिचालनमा जोड दिनका लागि तरलता कायम पश्चातका उपलब्ध श्रोत सदस्यहरूको व्यवसायिक गतिविधि विश्लेषण गरी उत्पादनशील क्षेत्रमा लगानीलाई जोड दिँदै सदस्यहरूको आर्थिक आवश्यकता परिपूर्तिमा जोड दिने।

### ६. गुणस्तरीय सम्पत्ति कायम

संस्थाको उपलब्ध श्रोतहरूको परिचालन प्रभावकारिताका लागि यस वर्षमा स्थिर सम्पत्ति तथा अन्य लगानीहरूमा जोड नगरी गुणस्तरीय लगानीमा जोड गर्न, भाखा नाघेका तथा निष्कृय ऋण न्यूनिकरण गर्ने र तरलता रकम समेत अधिकतम

प्रतिफल दिने बैंक वित्तीय संस्थाहरूमा वा सहकारी संजालहरूमा राखी अधिकतम प्रतिफलका क्षेत्रहरूमा परिचालन गर्ने ।

## ख) आन्तरिक नियन्त्रण प्रणाली तथा क्षमता विस्तार

१. संस्थाको व्यवस्थापकीय कार्यहरूमा प्रभावकारिताका लागि आवश्यक पर्ने विभिन्न प्रकृयाहरू तयार गर्ने र सो प्रयोजनका लागि विज्ञको आवश्यक परेमा क्षेत्रगत विज्ञहरूको समेत सहयोग लिएर आन्तरिक व्यवस्थापन तथा नियन्त्रण प्रणाली प्रभावकारी बनाउन जोड दिने ।

२. संस्थाका सञ्चालनका प्रमुख अंगहरू सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र कर्मचारीहरूको क्षमता विस्तारका लागि आन्तरिक रूपमा तथा वाह्य निकायहरूमा तालिम तथा गोष्ठीहरूमा सहभागि गर्ने गराउने र दक्ष जनशक्तिमा विशेष जोड दिने ।

## ग) सदस्य सेवा तथा प्रवर्द्धनात्मक कार्यक्रमको विवरण

संस्थाको मुख्य आधार नै सदस्यहरू भएको र संस्था÷सदस्य सामिप्यता कायम आजको सहकारी अभियानको मुख्य चुनौती भएको अवस्थामा सदस्यहरूलाई संस्थाप्रति अपनत्व महशुस गराउन हाल सञ्चालनमा रहेको सदस्य हित योजना अन्तर्गतका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## वार्षिक बजेट

संस्थाले लिएको उपरोक्त नीति तथा कार्यक्रम अन्तर्गत व्यवसायिक गतिविधिलाई समेटेर वार्षिक बजेट तय गरेको छ ।

## बजेट निर्माणका सामान्य आधार तथा मान्यता

- मिति २०८० आषाढ मसान्तसम्मको वित्तीय अवस्था (विवरण) लाई आधार लिईएको र आषाढ मसान्तको अनुमान गरी आगामी आ.व. २०८०/०८१ को बजेट तयार गरिएको ।
- हाल बजारमा देखिएको सहकारी प्रतिको जनविश्वासमा कमीका कारण यस संस्थामा पनि प्रभाव पर्न सक्ने अवस्थालाई मध्यनजर गरी यस वर्षमा सामान्य संख्यामा मात्र सदस्य थप गर्ने योजना रहेको र सोही आधारमा व्यवसायिक अनुमान गरिएको ।
- सदस्यता वृद्धिका आधारमा सामान्य शेयर थप हुने र पुराना सदस्यहरूबाट शेयर थप आव्हान गरी शेयर रकम जम्मा सम्पत्तिको ६.५० प्रतिशत भन्दा माथि कायम गर्ने लक्ष्य राखिएको ।
- बचतको औसत ब्याजदर ११.५० प्रतिशत र ऋण लगानीको औसत ब्याजदर १५.७५ प्रतिशतको आधारमा आय व्यय गणना अनुमान गरिएको ।
- अनुमानित बचत वृद्धिको आधारमा हालको परिवेशलाई मध्यनजर गर्दै कम्तिमा १७ प्रतिशत तरलता व्यवस्था गर्ने योजना राखिएको ।
- बैङ्क मौज्दातमा सामान्य ब्याज आय गर्ने अनुमान गरिएको ।
- गत वर्षहरूमा रहेको कर्जा जोखिम कोष रकमलाई प्रयाप्ततामा विशेष ध्यान दिँदै आगामी वर्षमा जोखिम खर्चमा समावेशको अनुमान नगरिएको ।

- सदस्य सामिप्यता कार्यक्रममा विशेष जोड दिनका लागि विभिन्न कार्यक्रमहरूको योजना तय गरी खर्च प्रस्ताव गरिएको ।

संस्थाले लिएको उपरोक्त नीति तथा कार्यक्रम अन्तर्गत व्यवसायिक गतिविधिलाई समेटेर निम्नानुसारको वार्षिक बजेट तय गरिएको छ ।

## संस्थाको आ.व. २०८०/०८१ को प्रक्षेपित वासलात

| कोषको श्रोत (दायित्व) | रकम (रू.) | कोषको उपयोग (सम्पत्ति) | रकम (रू.) |
|---|---|---|---|
| शेयर पूँजी | ९४,०२६,६००.०० | नगद | २४६,२६०.०० |
| जगेडा कोष | ११२,५००,०००.०० | बैंक | १६३,११५,०००.०० |
| अन्य कोषहरू | ४,०००,०००.०० | ऋण लगानी | १,०९०,०००,०००.०० |
| ऋण जोखिम कोष | ३०,०००,०००.०० | अन्य लगानी | ७६,७५९,०००.०० |
| बचत | ९५०,०००,०००.०० | अन्य सम्पत्ति | ६,०००,०००.०० |
| बाह्य ऋण | १६६,९१३,३३३.०० | उठ्न बाँकी ब्याज | १४,०००,०००.०० |
| उठ्न बाँकी ब्याज | १४,०००,०००.०० | स्थिर सम्पत्ति | ७६,६९५,४५४.०० |
| दिनुपर्ने ब्याज | २७,५००,०००.०० | | |
| अन्य दायित्व | २,५००,०००.०० | | |
| आयकर व्यवस्था | - | | |
| अवितरित नाफा | २५,३७५,७८०.०० | | |
| **जम्मा** | १,४२६,८१५,७१४.०० | **जम्मा** | १,४२६,८१५,७१४.०० |

## आ.व. २०८०/०८१ को अनुमानित आय

| आय शिर्षक | रकम रू. | आय शिर्षक | रकम रू. |
|---|---|---|---|
| ऋण लगानीमा ब्याज | १६३,६६१,८९६.०० | कमिसन आम्दानी | ८५,२३२.०० |
| ब्याज (बैंक) | ७,६२५,७१३.०० | एस एम एस शुल्क | २२०,०००.०० |
| बन्द शुल्क | २१,५००.०० | घरभाडा आम्दानी | ९३६,०००.०० |
| सेवा शुल्क | ४,८९०,१४७.०० | विमा दावी | १०,०००.०० |
| सदस्यता शुल्क | ५०,२००.०० | **जम्मा आय** | १७७,५००,६८९.०० |

## आ.व. २०८०/०८१ को अनुमानित खर्च

| पूँजीको लागत | रकम (रू.) |
|---|---|
| बचतमा ब्याज | ९८,५९९,५७५.०० |
| बाह्य ऋणमा ब्याज | १७,६९१,३३३.०० |
| पूँजीको लागत (क) | ११६,२९०,९०८.०० |

# सञ्चालन खर्चहरू

| कर्मचारी खर्च | रकम (रू.) | कर्मचारी खर्च | रकम (रू.) |
|---|---|---|---|
| दशैँ भत्ता | ९५०,००० | महंगी भत्ता | ४,२००,००० |
| बिदा खर्च | ६५०,००० | ग्रेड खर्च | ६४०,००० |
| भ्रमण बिदा खर्च | २८०,००० | प्रोत्साहन खर्च | १६०,००० |
| तलब खर्च | ९,६००,००० | सामाजिक सुरक्षा खर्च | २,४००,००० |
| तालिम खर्च | १४०,००० | **जम्मा कर्मचारी खर्च** | १९,२२०,००० |
| पोशाक खर्च | २००,००० | | |

| अन्य सञ्चालन खर्च | रकम(रू.) | अन्य सञ्चालन खर्च | रकम(रू.) |
|---|---|---|---|
| घरभाडा | २,७२०,००० | सुरक्षा खर्च | १,८४०,००० |
| बिजुली तथा पानी | ५००,००० | कार्यालय खाजा खर्च | ४६०,००० |
| मर्मत तथा सम्भार (भवन) | २०,००० | सवारी साधन कर | १४०,००० |
| मर्मत तथा सम्भार (साधन) | १००,००० | इन्धन खर्च | ७२०,००० |
| मर्मत, सम्भार (स्थिर सम्पत्ति) | २००,००० | आन्तरिक लेखा परिक्षण | १३६,००० |
| मर्मत तथा सम्भार (अन्य) | १२,००० | कर तथा दस्तुर | २४,००० |
| विमा | १८०,००० | बैंक चार्ज | २०,००० |
| टेलिफोन खर्च | २००,००० | कमिसन खर्च | ६४,००० |
| मसलन्द तथा छपाई | ५००,००० | वार्षिक शुल्क | १००,००० |
| पत्रपत्रिका खर्च | २०,००० | नविकरण शुल्क | ६४०,००० |
| कार्यालय खर्च | ५००,००० | वार्षिक शुल्क | १००,००० |
| सदस्यता खर्च | १२,००० | मोबाइल बैंकिङ्ग | ८,००० |
| सेवा शुल्क (बाह्य ऋण) | १५०,००० | ह्रास कट्टी खर्च | ४,०००,००० |
| अन्य खर्च | १२,००० | सञ्चालन खर्च (ख) | १६,६१४,००० |
| बिज्ञापन खर्च | ६०,००० | कार्यक्रम खर्च | |
| कानुनी परामर्श खर्च | १८०,००० | कार्यक्रम खर्च (ग) | - |
| चन्दा | २०,००० | जोखिम कोष खर्च | |
| बैठक खर्च | ८००,००० | ऋण जोखिम कोष खर्च | |
| साधारण सभा | १,७५०,००० | जोखिम खर्च (घ) | - |

| | | | |
|---|---|---|---|
| लेखा परिक्षण खर्च | २२६,००० | जम्मा खर्च (क+ख+ग+घ) | १५२,१२४,९०८ |
| प्राविधिक सहयोग | २००,००० | **नाफा** | २५,३७५,७८० |

## बजेटको समिक्षा तथा अनुगमन

संस्थाले तयार गरेको उपरोक्त नीति, कार्यक्रम तथा वार्षिक वित्तीय प्रक्षेपणको नियमित अनुगमन गर्नका लागि संस्थाको व्यवस्थापनले प्रत्येक ३/३ महिनाको योजना र प्रगतिको अवस्था कारण सहित तयार गरी सञ्चालक समितिमा पेश गरिनेछ। सञ्चालक समितिले प्रत्येक क्रियाकलापको समिक्षा गरी फरकता भएको खण्डमा फरकताको कारण तथा सुधारका उपायहरू समेत पहिचान गर्नेछ।

त्यसैगरी संस्थाको लेखा सुपरीवेक्षण समितिले व्यवस्थापनले तयार गरेको तथा सञ्चालक समितिले समिक्षा गरेको विषयलाई समेत आधार लिई त्रैमासिक आधारमा आवश्यक परीक्षण गर्ने, मुल्याङ्कन गर्ने र विश्लेषणात्मक छलफल गरी सञ्चालक समितिमा आवश्यक सुझाव दिने र देखिएका कैफियतहरू औल्याउने काम गरिनेछ।

अन्त्यमा, गत आर्थिक वर्षभरि नै कुनै न कुनै तहमा संस्थासँग नजिकमा रहेर भूमिका निर्वाह गर्नुहुने, हामीलाई प्रत्यक्ष वा परोक्ष जुनसुकै रूपमा सहयोग पुर्याउनु हुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दै यस संस्थाको गत आर्थिक वर्ष २०७८/०८० को प्रगति समीक्षा तथा चालु आ.व. २०८०/०८१ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम धैर्यताका साथ श्रवण गरिदिनु भएकोमा सम्पूर्ण सदस्यहरूप्रति हार्दिक धन्यवाद दिँदै यस विषम परिस्थितिमा पनि संस्थालाई जीवन्त राख्नको लागि यहाँहरूले पुर्याउनु भएको सहयोग र समर्थनप्रति आभार व्यक्त गर्दछौं।

धन्यवाद ! जय ज्योतिपुञ्ज ! जय सहकारी !

**नवराज कार्की**
प्रमुख कार्यकारी अधिकृत

२०८० आषाढ मसान्त

## पर्ल्स अनूपात

| सूचक | क्षेत्र | बिवरण | रकम | लेखामा | मापदण्ड |
|---|---|---|---|---|---|
| P-Protection सूरक्षण | P1 | नोक्सानीको लागि व्यवस्था | ६,९२२,८८५.१० | १००% | १००% |
| | | खराब कर्जा | ६,९२२,८८५.१० | | |
| | P2 | नोक्सानीको लागि व्यवस्था | २३,२७६,१९२.५१ | ३५% | ३५% |
| | | संकास्पद कर्जा | ६६,५०३,४०७.१८ | | |
| | P3 | खराब कर्जा अपलेखन गरे/नगरेको | नगरेको | | - |
| | P4 | अपलेखन गरिएको खराब कर्जा | - | ०% | न्यूनतम |
| | | कूल कर्जा | १,०१६,०६२,३२७.०० | | |
| | P5 | अपलेखित खराब कर्जाको असूली | - | | >७५% |
| | | कूल उपलेखित खराब कर्जा | - | | |
| | P6 | समपतिको खूद मूल्य | १,३०५,९०२,३९५.८१ | १३८% | >= १११% |
| | | कूल शेयर तथा बचत | ९४९,३९८,७९०.०० | | |
| E-Effective Financial Structure प्रभावकारी वितिय संरचना | E1 | कूल कर्जा | १,०२२,९८५,२१२.१० | ७६% | ७०-८०% |
| | | कूल सम्पति | १,३४५,५९७,०६२.६३ | | |
| | E2 | तरल लगानि | २१०,८७०,२९७.१६ | १६% | <=१६% |
| | | कूल सम्पति | १,३४५,५९७,०६२.६३ | | |
| | E3 | वितिय लगानि | ११,७५९,०००.०० | १% | <=२% |
| | | कूल सम्पति | १,३४५,५९७,०६२.६३ | | |
| | E4 | गैर वितिय लगानि | - | ०% | ०% |
| | | कूल सम्पति | १,३४५,५९७,०६२.६३ | | |
| | E5 | बचत | ८६०,८७८,१९०.०० | ६४% | ७०-८०% |
| | | कूल सम्पति | १,३४५,५९७,०६२.६३ | | |
| | E6 | बाह्रय ऋण | १८५,५२४,४४४.४३ | १४% | ०-५% |
| | | कूल सम्पति | १,३४५,५९७,०६२.६३ | | |
| | E7 | शेयर पूँजी | ८८,५२०,६००.०० | ७% | <=२०% |
| | | कूल सम्पति | १,३४५,५९७,०६२.६३ | | |
| | E8 | संस्थागत पूँजी | ११७,०७५,३३५.५१ | ९% | >=१०% |
| | | कूल सम्पति | १,३४५,५९७,०६२.६३ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| A-Assets Quality सम्पतिको गुणस्तर | A1 | भाखा नाघेको कर्जा | ७३,४२६,२९२.२८ | ७% | <=५% |
| | | कूल कर्जा | १,०२२,९८५,२१२.१० | | |
| | A2 | आय नहूने सम्पति | ८३,६५४,४४९.२१ | ६% | <=५% |
| | | कूल सम्पति | १,३४५,५९७,०६२.६३ | | |
| | A3 | बिना लागतको पूँजी | १००,३१७,८१४.६९ | १२०% | >=२००% |
| | | आय नहूने सम्पति | ८३,६५४,४४९.२१ | | |
| R-Rates of Returns and Cost प्रतिफल दर | R1 | कर्जा बाट खूद आय | २२०,५२४,००५.४८ | १३% | बजार दर |
| | | औसत कर्जा | १,७४८,२७७,५९४.४६ | | |
| | R2 | तरल लगानि बाट आय | १०,५९७,६२४.०२ | ५% | बजार दर |
| | | औसत तरल लगानि | २०६,०५३,९९२.२२ | | |
| | R3 | वितिय लगानि बाट आय | १,९९१,२६३.८२ | ११% | बजार दर |
| | | औसत वितिय लगानि | १७,६३८,५००.०० | | |
| | R4 | गैर वितिय लगानि बाट आय | - | ०% | >=R1 |
| | | औसत गैर वितिय लगानि | - | | |
| | R5 | वचतमा व्याज | १३६,३६७,१६५.७५ | १३% | बजार दर श्रमूद्रास्फीति |
| | | औसत बचत | १,०८२,०८१,२१०.०६ | | |
| | R6 | बाह्रय ऋणमा व्याज | २७,४५१,३४७.३८ | १३% | बजार दर |
| | | औसत बाह्रय ऋणमा | २०६,७५१,११०.७२ | | |
| | R7 | शेयर पूंजीमा लाभांश | १४,३४५,७२५.८८ | १५% | बजार दर>R5 |
| | | औसत शेयर पूंजीमा | ९६,८९६,२५०.०० | | |
| | R8 | कूल मूनाफा | ५२,९५७,३९०.४९ | ३% | बजार दर |
| | | औसत सम्पति | १,६०६,५६४,९२५.७१ | | |
| | R9 | प्रशासनिक खर्च | ३७,२०५,९१६.५६ | २% | <=५% |
| | | औसत सम्पति | १,६०६,५६४,९२५.७१ | | |
| | R10 | जम्मा नोक्सानीको लागि व्यवस्था | ३९,६९४,६६६.८१ | ३% | ^P1=100% ^P2=35% |
| | | औसत कर्जा | १,२९३,२२८,३६८.३६ | | |
| | R11 | अन्य आय | ९,१३४,७८१.८४ | १% | न्यूनतम |
| | | औसत सम्पति | १,६०६,५६४,९२५.७१ | | |
| | R12 | खूद आय | ८,९१०,८७४.५१ | १% | बजार दर |
| | | औसत सम्पति | १,६०६,५६४,९२५.७१ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| L-Liquidity तरलता | L1 | तरल सम्पति-अल्पकालिन दायित्व | १८८,९७४,३७०.०४ | २२% | १५% |
| | | कूल बचत | ८६०,८७८,१९०.०० | | |
| | L2 | तरल सम्पति | २१०,८७०,२९७.१६ | २४% | १५-२०% |
| | | कूल बचत | ८६०,८७८,१९०.०० | | |
| | L3 | आय नहूने तरल सम्पति | - | ०% | <१% |
| | | कूल बचत | ८६०,८७८,१९०.०० | | |
| S-Signs of Growth वार्षिक वृद्धि संकेत | S1 | कूल कर्जा तथा लगानिमा वृद्धि | (५४०,४८६,३१३) | -३५% | E1=70-80% |
| | S2 | तरल लगानीमा वृद्धि | ९,६३२,६०९.८८ | ५% | E2<=16% |
| | S3 | वित्तीय लगानीमा वृद्धि | - | ०% | E3<=2% |
| | S4 | गैर वितिय लगानीमा वृद्धि | - | ०% | E4=0% |
| | S5 | बचतमा वृद्धि | (४४२,४०६,०४०) | -३४% | E5=70-80% |
| | S6 | वाह्रय ऋणमा वृद्धि | (४२,४५३,३३२.५७) | -१९% | E6=0-5% |
| | S7 | शेयर पूँजीमा वृद्धि | (१६,७५१,३००.००) | -१६% | E7<=20% |
| | S8 | संस्थागत पूँजीमा वृद्धि | १०,२६६,२३१.०४ | १०% | E8>=10% |
| | S9 | कूल संस्थागत पूँजीमा वृद्धि | ४,०६८,९९०.४९ | ५% | E9>=10% |
| | S10 | शेयर सदस्य संख्यामा वृद्धि | २२८.०० | ८% | >=15% |
| | S11 | कूल सम्पतिमा वृद्धि | (५२१,९३५,७२६.१७) | -२८% | >मूद्रास्फीति +10% |

# तेह्रौं वार्षिक साधारण सभाको
# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

संस्थाको यस गरिमामय १३औं वार्षिक साधारण सभाका अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, प्रमुख सल्लाहकारज्यू, सल्लाहकारज्यू, उपस्थित आदरणीय सेयर सदस्यज्यूहरू, सञ्चालक समिति, अन्य उप–समितिका पदाधिकारीज्यूहरू, कार्यकारी प्रमुखज्यू एवं कर्मचारी साथीहरू, लेखा सुपरिवेक्षण समितिका सहकर्मी मित्रहरू एवं पत्रकार तथा शुभचिन्तक महानुभावहरू, सम्पूर्णमा हार्दिक अभिवादन।

गत आर्थिक वर्षमा संस्थाले प्राप्त गरेका उपलब्धिको समीक्षा गर्ने, विश्लेषण गर्ने र आगामी आर्थिक वर्षका लागि प्रस्तुत भएको नीति तथा कार्यक्रममाथि छलफल तथा राय सुझाव दिने र संस्था तथा सञ्चालकलाई आगामी कार्य सञ्चालनका लागि दिशानिर्देश गर्ने दिन हो आज। संस्थाको यस महत्वपूर्ण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रतिवेदन पेश गर्न पाउँदा हामीलाई अत्यन्त खुसी लागेको छ। त्यसैले आजको दिनले संस्थागत विकासमा विशेष महत्व राख्दछ। संस्थाको नियमित प्रक्रिया अन्तर्गत पेश भएका प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदनमाथि छलफल तथा गहन विश्लेषण गरी सञ्चालक समितिलाई प्राप्त हुने अर्थपूर्ण सुझावले निकै नै महत्व राख्दछ। यस समितिलाई प्राप्त जिम्मेवारी र क्षेत्राधिकारभित्र रहेर हामीले समय–समयमा वित्तीय अभिलेख परीक्षण गर्ने, समितिले तयार गरी साधारण सभाबाट अनुमोदन भएका संस्था सञ्चालन सम्बन्धी नीति, नियम एवं कार्यविधि, सञ्चालक समितिको निर्णय, नियामनकारी निकायबाट जारी परिपत्र, निर्देशिका तथा निर्देशनको कार्यान्वयन पक्षको बारेमा अध्ययन गर्ने, संस्थाको पुँजी तथा दायित्व सम्पत्ति तथा जायजेथा, नाफा नोक्सान

तथा नगद प्रवाहको अध्ययन गर्ने संस्थाद्वारा विभिन्न क्षेत्रमा गरिएका ऋण लगानी र असुली अवस्थाको अध्ययन गर्ने, सेवा केन्द्रहरूको स्थलगत अध्ययन अवलोकन गर्ने, संस्थाको भित्री तथा बाहिरी प्रभावको विश्लेषण गर्ने जस्ता सुपरिवेक्षण सँग सम्बन्धित कार्यहरू सम्पन्न गरेका छौं।

विगत २ वर्षदेखिको निरन्तरको आर्थिक मन्दीका कारण नेपालको समग्र वित्तीय तथा सहकारी क्षेत्रमा यसको प्रभाव पर्न गयो। जसका कारण गत आर्थिक वर्ष भरि देशको अर्थतन्त्र सुखमय रहन सकेन। यस प्रभावसँग जुध्न विभिन्न रणनीतिक कार्ययोजनाहरू मार्फत कार्य सम्पादन गरी सदस्यहरूलाई वित्तीय तथा गैरवित्तीय सेवाहरू प्रदान गर्ने कार्यमा संस्था जुटिरहेको छ। बैङ्क तथा वित्तीय क्षेत्रमा तरलताको चरम सङ्कट देखिदा समेत संस्थाले यसलाई उचित ढंगले व्यवस्थापन गरेको छ। तसर्थ आर्थिक वर्ष २०७९/०८० लाई समग्र हिसाबले उपलब्धिमूलक नै रहेको देखिन्छ। साथै सहकारी ऐन २०७४ को दफा ४९ सँग सम्बन्धित रहेर यस गरिमामय साधारण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं

## संस्थाका सवल पक्षहरू

१. संस्था निर्दिष्ट सिद्धान्त, मूल्य, मान्यताबाट सञ्चालित छ।

२. संस्थाको साधारण सभा समयमै सम्पन्न भइरहेको छ।

३. संस्थाका विनियम तथा नीतिहरू समयसापेक्ष परिमार्जन र सुधार गर्दै लगिएको छ।

४. संस्थाको वित्तीय साखलाई उच्च प्राथमिकतामा राखिएको छ।

५. संस्थागत पुँजी निरन्तर वृद्धि भएकाले संस्थाको वित्तीय सवलता राम्रो रहेको छ।

६. जोखिम व्यहोर्ने कोष पर्ल्स विश्लेषण अनुसार व्यवस्था भएको छ।

## अघिल्लो साधारण सभाका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा

१. गत साधारण सभाले दिएको अधिकार प्रयोग गरी संस्थालाई आवश्यक पर्ने नीति निर्माण गरेको तथा मौजुदा नीति, नियम एवं कार्यविधिहरूलाई समयानुकूल परिमार्जन गर्दै लगेको छ।

२. ऋणको भुक्तानी अवधिको भाखा नाघेको आधारमा कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने कार्यलाई पालना गरिएको छ।

३. सदस्यहरूलाई सहकारी शिक्षा तथा सूचनासँग सम्बन्धित कार्यक्रमहरू आयोजना गरिएको छ। जसले गर्दा सदस्यता वृद्धिमा मद्दत पुगेको छ।

## बैठक सङ्ख्या तथा निर्णय कार्यान्वयन सम्बन्धमा

१. यस आर्थिक वर्ष ०७९/८० मा बसेको बैठक सङ्ख्या यस प्रकार रहेको छ।

| | | |
|---|---|---|
| सञ्चालक समिति | – | १४ पटक |
| लेखा सुपरिवेक्षण समिति | – | ४ पटक |
| ऋण उप–समिति | – | २१ पटक |
| शिक्षा उप–समिति | – | ३ पटक |

## बचत तथा ऋण परिचालन एवं धितो सुरक्षण सम्बन्धमा

१. संस्थाको ऋण लगानीलाई थप सुरक्षित एवं प्रभावकारी बनाउन यस क्षेत्रसँग सम्बन्धित कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखीकरण गरिएको छ।

२. संस्थाले रू. १० लाख भन्दा माथिको ऋण लगानी गर्दा बाह्य परामर्शदाता इन्जिनियरबाट घरजग्गाको आधिकारिक मूल्याङ्कन गराई सोही मूल्याङ्कनको आधारमा ऋण लगानी गर्ने सुरक्षित उपायलाई निरन्तर अवलम्बन गरेको देखिन्छ।

३. संस्थाले ऋण नीति अनुसार समिक्षा वर्षमा कुनै पनि कर्जा बिना धितो लगनी गरेको पाइएन।

४. धितो सुरक्षण ऋणमा सबै धितोलाई दृष्टिबन्धक रोक्का गर्ने गरेको पाइयो।

५. ऋण लगानीका नमुना फाइलहरू अध्ययन गर्दा ऋण लगानी प्रक्रिया, आवश्यक कागजात, ऋण सुरक्षण,

धितोको अवस्था, आम्दानीका प्रारम्भिक तथा दिगो स्रोतहरू र बजार मूल्याङ्कन आदिको आधारमा ऋण स्वीकृत गरी लगानी गर्ने गरेको साथै आन्तरिक ऋणसँग सम्बन्धित सफ्टवेयरमार्फत थप व्यवस्थित गरेको पाइयो ।

६. ऋण लगानी प्रक्रियालाई संस्थाको व्यवस्थापन र समितिको तर्फबाट छिटो छरितो र सर्वसुलभ तरिकाले निर्णय गर्ने गरेको पाइयो ।

७. ऋण असुलीको अवस्था अत्यन्त राम्रो छ असल ऋण ९६.८४ प्रतिशत छ, कमसल ऋण २.९७ प्रतिशत छ भने खराब ऋण मात्र ०.१९ प्रतिशत छ ।

मापनको हिसाबले आर्थिक वर्षको अन्त्यमा देखिएको असुलीको अवस्थाअनुसार ऋणमा कुनै पनि जोखिम देखिदैन । तर असुली प्रक्रियालाई मासिक रूपमा थप नियमित गर्नुपर्ने देखिन्छ ।

## गैरवित्तीय तथा सुरक्षण कार्यक्रम सम्बन्धमा

संस्थाले सञ्चालन गरेको सदस्य हित योजना अन्तर्गतका श्रद्धाञ्जली सहितको राहत, प्रसुति सदस्य कोसेली, शिशु बचत आरम्भ, बाल बालिका जन्मोत्सव शुभकामना र एस.ई.ई. उर्तीण सम्मान  कार्यक्रमहरूको प्रभावकारी रूपमा निरन्तरताले संस्थाको सामाजिक सुरक्षा तथा उत्तरदायित्व वहन तथा सदस्यहरूसँगको भावनात्मक सम्बन्ध विकास र विस्तार हुनुका साथै संस्थाको ख्यातीमा समेत वृद्धि भएको देखिन्छ ।

## व्यवस्थापन तथा प्रशासन सम्बन्धमा

१. मानवीय स्रोत व्यवस्थापन नीतिलाई पूर्णरूपमा प्रयोगमा ल्याइएको छ ।

२. वार्षिक रूपमा कर्मचारीहरूको कार्यसम्पादनको मूल्याङ्कन तथा पुरस्कृत गर्ने परिपाटीलाई नियमित गरिएको छ ।

३. संस्थाको नीतिअनुसार नै कर्मचारीको भर्ना प्रक्रिया पारदर्शी एवं प्रतिस्पर्धी रूपमा गर्ने गरिएको छ ।

४. व्यवस्थापनलाई मनोवैज्ञानिक तरिकाले उत्प्रेरित गर्न कर्मचारीहरूलाई पूर्ण पारिश्रमिक प्रदान, बोनस, स्वास्थ्य बिमा तथा  दुर्घटना बिमा आदिको सुविधा प्रदान गरेको देखिन्छ ।

## गत वर्ष यस समितिले दिएका सकारात्मक सुझावको कार्यान्वयन अवस्थाः

१. सञ्चालक समितिको बैठक माइन्युट हेर्दा अझै पनि बैठक सञ्चालन नीति बमोजिमको मितिमा बसेको नपाइएकाले सो तर्फ औंल्याइएकोमा नीति बमोजिम बैठक हरेक महिनाको ७ गते भित्रै बैठक बस्ने गरेको पाइयो ।

२. ऋणको वर्गिकरण सहकारी सघं, संस्था दर्ता, सञ्चालन अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ दफा २२ बमोजिम कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी आवास ऋण हुनुपर्नेमा सो धेरै भएकोले यसलाई मापदण्ड बमोजिम कायम गरी उद्यमी पकृतिका उत्पादनशील क्षेत्रमा ऋण लगानी बढाउनु भनि औंल्याइएकोमा सो तर्फ उल्लेख्य प्रगति भएको पाइयो ।

३. संस्थाको सदस्यता विस्तारको लागि विभिन्न योजना नै बनाएर जानुपर्ने सुझाव दिइएकोमा बजेट तथा कार्यक्रममा नै यसलाई समेटेर अघि बढाइएको देखिन्छ।

४. सदस्यता पहिचान फारम  अपडेट गर्न दिएको सुझावमा उल्लेख्य प्रगित भएको देखिन्छ ।

५. शेयर सदस्यहरु वृद्धि भए सँगै सहकारी सम्बन्धि शिक्षाको लागि वार्षिक बजेटको व्यवस्था गरे अनुसार सहकारी शिक्षालाई नियमित गर्नुपर्ने सुझावका सन्दर्भमा संस्थाले योजनावद्ध ढंगले कार्यक्रमहरूको सम्पन्न गरेको छ ।

६. संस्थाको शेयर सदस्यहरुलाई आयमूलक शीप सिकाउनको लागि आवश्यक तालिमको लागि बजेट छुट्याउनु पर्ने विषयमा यस वर्षको बजेटमा समेटेको देखिन्छ ।

७. सञ्चालक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिमहरुको व्यवस्था गर्नुपर्ने सुझावमा संस्था कार्यक्रम गरेको छ ।

८. संस्थाले सदस्यहरुको सुविधाको लागि सञ्चालनमा ल्याएको मोवाइल बैंकिङ तथा क्यू आर भुक्तानी सेवालाई ब्यापक रुपमा प्रवद्र्धन गर्नुपर्नेमा यस वर्ष पनि सामान्य मात्र प्रगति देखिन्छ ।

